"मूल्य श्रृङ्खलामा आधारित केरा खेती प्रवर्द्धन कार्यक्रमको प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८३"

मधेश प्रदेशमा केरा खेतीको व्यावसायिक विकास, विस्तार र प्रवर्द्धन गरी मूल्य श्रृङ्खलामा आवद्ध गरी उत्पादन, गुणस्तर, प्रतिस्पर्धात्मक क्षमता तथा वजार पहुँच अभिवृद्धि गर्न **"कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६(पहिलो संशोधन २०७७)"** को दफा ४ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश (मन्त्रिस्तरीय निर्णय) बाट लागू हुने गरी यो प्राविधिक मापदण्ड तथा सञ्चालन विधि तयार गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः यो विधिको नाम **"मूल्य श्रृङ्खलामा आधारित केरा खेती प्रवर्द्धन कार्यक्रमको प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८३"** रहेको छ ।

(२) यो सञ्चालन विधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधिमा

(क) **"आवेदक"** भन्नाले केराखेतीको उत्पादन/प्रशोधन/विविधिकरण वा बजारीकरणमा क्रियाशील रुपमा लागेका कृषक/कृषि उद्यमी/कृषि सहकारी/कृषक समूह/कृषि फार्म/कृषि कम्पनी/कृषि उद्योगलाई सम्झनु पर्दछ। साथै सो शब्दले केरा खेतीको उत्पादन/प्रशोधन वा बजारीकरणमा लगानि सहित सहभागी हुन चाहने स्थानीय तहलाई समेत सम्झनु पर्दछ।

(ख) **"आवेदन"** भन्नाले यस प्राविधिक मापदण्ड तथा सञ्चालन विधि बमोजिमको अनुदान प्राप्त गर्न पेश गर्ने प्रस्तावनालाई सम्झनु पर्दछ।

(ग) **"कार्यक्रम"** भन्नाले मूल्य श्रृङ्खलामा आधारित केरा खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत एउटै जग्गामा वर्षभरीमा उत्पादन हुने केरा खेती लाई सम्झनु पर्दछ।

(घ) **"अनुदान"** भन्नाले यस सञ्चालन विधि अनुसार छनौट भएका अनुदानग्राहीले कार्यक्रमको उद्देश्य अनुरुप कार्य सम्पन्न गरे पश्चात प्रदान गरिने आर्थिक सहयोगलाई सम्झनु पर्दछ।

(ङ) **"मन्त्रालय"** भन्नाले मधेश प्रदेश स्थित भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्दछ।

(च) **"निर्देशनालय"** भन्नाले मधेश प्रदेश स्थित कृषि विकास निर्देशनालयलाई सम्झनु पर्दछ।

(छ) **"केन्द्र"** भन्नाले मन्त्रालय अन्तर्गतको जिल्ला स्थित कृषि ज्ञान केन्द्रलाई सम्झनु पर्दछ।

(ज) **"अनुदानग्राही"** भन्नाले यस कार्यक्रमको लागि छनौट भएका कृषक/कृषि सहकारी/कृषक समूह/फार्म/कृषि कम्पनी/कृषि उद्योग/स्थानीय तह सम्झनु पर्दछ।

३. कार्यक्रमको उदेश्यः यस कार्यक्रमको उद्देश्य देहाय बमोजिमको हुनेछ ।

(क) नयाँ प्रविधिहरुको प्रयोग मार्फत केरा वालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै मूल्य श्रृङ्खलामा आवद्ध प्रणालिको विकास गर्ने।

(ख) केरा खेतीबाट उत्पादित उपउत्पादनहरुलाई प्रयोग गरी घरेलु उद्योगको (चिप्स, पेपर, पेय पदार्थ, अचार लगायत अन्य) विकास गर्ने ।

डा. संजय कुमार यादव
प्रदेश सचिव

४. प्रस्तावनामा समावेश हुन सक्ने विषयगत क्षेत्रहरुः देहायको विषयमा प्रस्ताव पेश गर्न सकिनेछ

(क) कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि क्रियाकलापहरु

(ख) उत्पादनोप्रान्त प्रविधि तथा प्रशोधन क्रियाकलापहरु

(ग) बजार प्रवर्द्धन क्रियाकलापहरु

५. प्रस्ताव आह्वान तथा संकलनः (१) केन्द्रले कम्तिमा १५ (पन्ध्र) दिनको म्याद दिई स्थानीय दैनिक पत्रिकामा अनुसूची -१ बमोजिम सूचना प्रकाशन गर्नेछ र आवेदकले अनुसूची-२ बमोजिमको ढाँचामा आवेदनसँगै अनुसूची -३ बमोजिमको प्रस्ताव पेश गर्नु पर्नेछ। प्रकाशित भएको सूचनाको जानकारी जिल्लास्थित सबै स्थानीय तह तथा निर्देशनालयमा समेत पठाउनु पर्नेछ। सूचना तथा प्रस्तावको ढाँचा कार्यालयको वेबसाईटमा समेत राख्नुपर्नेछ।

(२) उक्त म्याद भित्र पर्याप्त आवेदन पेश हुन नआएमा पुनः ७ (सात) दिनको म्याद थप गरि सूचना प्रकाशन गर्ने सकिनेछ र उक्त थप म्याद भित्र सम्म जतीसुकै संख्यामा प्रस्ताव सङ्कलन भएतापनि कार्यक्रम सञ्चालन गर्न बाधा पुग्ने छैन ।

६. आवेदकको पूर्व योग्यताः यस कार्यक्रममा सहभागी हुन देहाय बमोजिमका आवेदकहरुले आवेदन दिन सक्नेछन्।

(क) कृषकको हकमा न्युनतम १० कट्ठा र कृषि उद्यमी/फार्मको हकमा न्यूनतम १ विघा क्षेत्रफलमा व्यवसायिक रुपमा केरा खेती गर्न इच्छुक।

(ख) कृषक समुहको हकमा न्यूनतम २ विघा र कृषि सहकारीको हकमा न्यूनतम १० विघा क्षेत्रफलमा व्यवसायिक रुपमा केरा खेती गर्न इच्छुक।

(ग) उत्पादन वा सङ्कलन गरि प्रशोधन/विविधिकरण गरिरहेका वा गर्न इच्छुक कृषि कम्पनी/कृषि उद्योग/स्थानीय तह।

७. प्रस्तावना मूल्याङ्कन समितिः (१) कार्यक्रमको उद्देश्य अनुसार पेश भएका आयोजना प्रस्तावहरुको मूल्याङ्कनका लागि देहाय अनुसारका एक प्रस्तावना मूल्याङ्कन समिती हुनेछ ।

(क) केन्द्र प्रमुखले तोकेको अधिकृत - संयोजक

(ख) निर्देशनालयको प्रतिनिधि - सदस्य

(ग) कार्यक्रम हेर्ने प्राविधिक कर्मचारी - सदस्य-सचिव

(२) मूल्याङ्कन समितिले आवश्यकता अनुसार २ जनासम्म विशेषज्ञको आमन्त्रण गर्न वा परामर्श लिन सक्नेछ।

(३) मूल्याङ्कन समितिले प्रस्तावाहरुको अनुसूची-४ बमोजिम प्रस्ताव मूल्याङ्कन गर्नुपर्नेछ र मूल्याङ्कन गर्दा प्रस्तावित क्रियाकलाप अपेक्षित उद्देश्यसँग सम्बन्धीत भए/नभएको आदी हेरी क्रियाकलाप अनुसारको परियोजनाको कूल लागत अनुमान सहित स्थलगत निरीक्षण समेत गरि मूल्याङ्कन गर्नु पर्नेछ। सो समितिले आवश्यकता अनुसार मूल्याङ्कनका आधार पिमार्जन गर्नसक्नेछ ।

(४) प्रस्तावाहरुको मूल्याङ्कन समितिले समग्र मूल्याङ्कन गरी अनुदानग्राहीको नामावली अन्तिम स्वीकृतिको लागि केन्द्र प्रमूख समक्ष सिफारिस गर्नु पर्नेछ। समितिले आवश्यक परेको खण्डमा अनुसूची-४ बमोजिमको मूल्याङ्कन मापदण्डमा थपघट गर्न सक्नेछ ।

डा. संजय कुमार यादव
प्रदेश सचिव

(५) मूल्याङ्कन भई सिफारिस सहित पेश भएको प्रस्तावनाको क्रियाकलाप अपेक्षित उद्देश्यसँग सम्बन्धीत भए/नभएको आदि हेरी क्रियाकलाप तथा बजेट समेतको अध्ययन विश्लेषण गरी केन्द्र प्रमुखले स्वीकृत गर्नु पर्नेछ।

(६) अनुदानग्राहीको रुपमा छनौट भएका आवेदकहरुको सूची केन्द्रले प्रकाशित गर्नु पर्नेछ।

(७) छनौट सूचिमा परेका अनुदानग्राहीलाई कार्यक्रम सञ्चालनको लागि अनुसूची -५ बमोजिमको ढाँचामा प्रतिवद्धता पत्र तथा अनुसूची -६ बमोजिमको ढाँचामा सम्झौता गरी कायदिश दिनु पर्नेछ।

८. सञ्चालन हुने क्रियाकलाप वा विषयगत क्षेत्रहरुः (१) बुँदा ४ बमोजिमको विषयगत क्षेत्रहरु अन्तर्गत देहायको क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ ।

(क) कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने क्रियाकलापहरु

१. तालिम तथा क्षमता अभिवृद्धि

२. टिस्यु कल्चर बिरुवामा अनुदान

३. साना सिँचाई व्यवस्थापन

४. थोपा सिँचाई

५. यन्त्र उपकरणमा सहयोग (स्प्रेयर/पावर स्प्रेयर/मिनि टिलर/पावर विडर/ड्रोन)

६. फ्रुट ब्याग

७. गडयौला मल उत्पादन संरचना निर्माण

८. सुक्ष्म खाद्यतत्व र झोलमोल

९. रोग तथा किरा व्यवस्थापनका लागि आई.पी.एम विधिका सामग्रीहरु

(ख) उत्पादनोप्रान्त प्रविधि तथा प्रशोधनका क्रियाकलापहरु

१. ड्रायर

२. राइपेनिङ्ग च्याम्बर स्थापना

३. प्याकेजिङ्गका लागि क्रेट, कार्टुन बक्स, लेवलिङ्ग तथा स्टिकर

४. प्रशोधन सम्बन्धी तालिम तथा क्षमता अभिवृद्धि

५. साना तथा घरेलु प्रशोधन (चिप्स, पेय पदार्थ, अचार, आदि) को लागि यन्त्र उपकरण तथा पूर्वाधार निर्माण सहयोग

६. केराको उपउत्पादन (By product) प्रशोधनको (फाइवर, पेपर, प्राङ्गारिक मल लगायत) लागि यन्त्र उपकरण तथा पूर्वाधार निर्माण सहयोग

(ग) बजार प्रवर्द्धनका क्रियाकलापहरु

१. ढुवानी (ई-लोडर)

२. Mini-truck (निर्देशनालयको सहमति अनिवार्य)

३. डिजिटल ब्यालेन्स

४. सङ्कलन केन्द्र निर्माण

डा. संजय कुमार यादव
प्रदेश सचिव

(२) बुँदा १ बमोजिम साना सिँचाई व्यवस्थापन कार्यको लागि "भूमिगत सिँचाई व्यस्थापन कार्यक्रम प्राविधिक मापदण्ड तथा सञ्चालन विधि २०८३" को आवेदकको योग्यता समेतलाई आधार लिई कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(३) ड्रोन खरिदको हकमा केन्द्रले आवेदन सङ्कलन गरी " व्यवसायिक खेति प्रवद्धनका लागि Drone प्रविधिको प्रयोग (७५% अनुदान) को प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८३" बमोजिम सञ्चालन गर्नुपर्नेछ।

९. आपूर्तिकर्ता छनौट सम्बन्धी व्यवस्था:

(१) यन्त्रउपकरण/सिचाईको हकमा सम्वन्धित प्राविधिकबाट स्पेसिफिकेशन तयार गर्नुपर्नेछ र सो प्राविधिक स्पेसिफिकेशन लाई आधार मानी सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार लागत अनुमान तयार गरी सम्वन्धित केन्द्र प्रमुखले स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(२) केन्द्रले माथि बुँदा (१) बमोजिमको प्राविधिक स्पेसिफिकेशन र लागत अनुमान तयार गरे पश्चात आपुर्तीकर्ता छनौटका लागी सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोकेको म्याद अनुसार सुचना प्रकाशन गर्नु पर्नेछ।

(३) वीउ/बेर्नाको हकमा सरकारी स्वामित भएको निकाय बाट सिधै खरिद गर्न सकिनेछ र सो निकाय बाट उपलब्ध नभएको हकमा सूचिकृत आपुर्तिकर्ता बाट खरिद गर्नु पर्नेछ।

(४) त्यसरी प्राप्त भएको आपुर्तीकर्ताको आवेदनलाई नियमानुसार मूल्याङ्कन गरि कार्यालयले तयार गरेको प्राविधिक स्पेसिफिकेशन र लागत अनुमानको आधारमा लागत अनुमान वा सो भन्दा कम दररेट पेश गरेका आपुर्तीकर्ताहरुको मूल्याङ्कन गरि सूचि तयार गर्नुपर्नेछ । सूचितकृत भएका आपुर्तिकर्ताले पेश गरेका दररेट औसत निकालि सो औसत दरको सवैभन्दा नजिक रहेको दररेट लाई अनुदानको लागि आधार दररेट तोक्नुपर्नेछ। सो आधार दररेट भन्दा माथि दररेट भएका आपुर्तिकर्ता वाट अनुदानग्राहिले खरिद गरेको खण्डमा आधाररेटकै आधारमा अनुदानको रकम भुक्तानि गरिनेछ,तर आधारदररेट भन्दा कम दररेट भएको आपुर्तिकर्ता वाट खरिद गर्दा उक्त आपुर्तिकर्ताले पेश गरेको दररेटकै आधारमा अनुदान रकम भुक्तानि हुनेछ।

(५) आपूर्तिकर्ताले बोलपत्र जमानत तथा कार्य सम्पन्न जमानत सार्वजनिक खरिद ऐन तथा नियमावलीनुसार पेश गर्नु पर्नेछ ।

१०. अनुदानको अधिकतम सीमा: यस कार्यक्रम अन्तर्गतको प्रस्तावना स्वीकृत गर्दा क्रियाकलाप अनुसार खर्च गर्न सक्ने अधिकतम अनुदान तथा निजी लगानी सम्वन्धी सीमा "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ (पहिलो संशोधन, २०७७)" मा व्यवस्था भए वमोजिम हुनेछ ।

११. भुक्तानी प्रक्रिया: (१) सूचिकृत भएका आपुर्तिकर्ता वाट अनुदानग्राहिले आफुले रोजेको आपुर्तिकर्ताबाट यन्त्र उपकरण/वीउ,बेर्ना खरिद गरि कार्य सम्पन्न गर्नुपर्नेछ र सो पश्चात केन्द्रले कार्यको जाँचबुझ गरी कार्यसम्पन्न प्रतिवेदन तयार गर्नु पर्नेछ।

(२) अनुदानग्राहिले कार्य सम्पन्न प्रतिवेदन,बिल भर्पाइ लगायत केन्द्रले तोकेको अन्य विवरण सहित अनुदान वापतको रकम भुक्तानी माग गर्दा केन्द्रले नियमानुसार हुने अनुदान वापतको रकम अनुदानग्राही वा निजले मञ्जुर गरेको आपूर्तिकर्तालाई भुक्तानी दिन सक्नेछ।

१२. अनुगमन र नियमन: सञ्चालित कार्यक्रमहरुको अनुगमन र नियमन मन्त्रालय तथा निर्देशनालयले गर्न सक्नेछ।

१३. संशोधन गर्न सक्ने: मन्त्रालयले आवश्यकता अनुसार यस प्राविधिक मापदण्ड तथा सञ्चालान विधिमा संशोधन गर्न सक्नेछ।

डा. संजय कुमार गौतम
प्रदेश सचिव

अनुसूची - १

बुँदा ५(१) सँग सम्बन्धित

मूल्य श्रृङ्खलामा आधारित केरा खेती प्रवर्द्धन कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८.../..../.....

यस कृषि ज्ञान केन्द्र, ... को चालु आ.व. ..... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मूल्य श्रृङ्खलामा आधारित केरा खेती प्रवर्द्धन कार्यक्रमको रहेको हुँदा सो कार्यक्रम सञ्चालन गर्न इच्छुक आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले ..... दिन भित्र परियोजना प्रस्ताव सहित तपसिल अनुसारको कागजातहरु सहित निवेदन पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

१. सम्बन्धित स्थानीय निकाय/वडा कार्यालयको सिफारिस,
२. प्रस्तावित कार्यक्रमले समेट्ने क्षेत्रफल र संलग्न कृषकहरुको जग्गाधनीपूर्जाको प्रतिलिपि ,
३. कृषि समूह/सहकारी/फर्म/उद्योग/कम्पनिको हकमा पान/भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि,
४. पछिल्लो आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि,
५. कृषि समूह/सहकारी/फर्म/उद्योग/कम्पनिको हकमा संस्थाको कार्यक्रम सञ्चालन सम्बन्धी निर्णयको प्रतिलिपि र अख्तियारीनामा,
६. स्थानीय तहको हकमा लगानि सहभागिताको सुनिश्चितताको प्रमाण,
७. कार्यक्रमसँग सम्बन्धित अन्य कागजातहरु,
८. .....
९. .....।

डा. संजय कुमार यादव
प्रदेश सचिव

अनुसूची – २

बुँदा ५(१) सँग सम्बन्धित

मूल्य श्रृङ्खलामा आधारित केरा खेती प्रवर्द्धन कार्यक्रमको लागि पेश गर्ने आवेदन

मितिः .....

श्रीमान् प्रमुखज्यू,

कृषि ज्ञान केन्द्र,.....।

विषयः कार्यक्रमको लागि आवेदन सम्बन्धमा

प्रस्तुत विषयमा तँहा केन्द्रबाट मिति २०८...../...../..... मा प्रकाशन भएको सूचना अनुसार मूल्य श्रृङ्खलामा आधारित व्यावसायिक केरा खेती प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि यसैसाथ संलग्न आवश्यक कागजातहरु सहित यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु/गर्दछौं।

संलग्न कागजातहरु

१. आवेदक कृषकको हकमा नागरिकताको प्रतिलिपि।
२. सम्बन्धित स्थानीय निकाय/वडा कार्यालयको सिफारिस,
३. प्रस्तावित कार्यक्रमले समेट्ने क्षेत्रफल/संख्या,
४. कार्यक्रममा सहभागी हुने कृषकहरुको जग्गाधनीपूर्जाको प्रतिलिपि,
५. कार्यक्रमसँग सम्बन्धित आवश्यक अन्य कागजातहरु।
६. .....
७. .....
८. .....
९. .....

हस्ताक्षरः

नामः

संस्थाको नामः

ठेगानाः

मोवाईल नंः

मितिः

छापः

डा. संजय कुमार यादव
प्रदेश सचिव

अनुसूची – ३

बुँदा ५(१) सँग सम्बन्धित

<u>प्रस्तावको विवरण</u>

१) व्यक्तिगत विवरण

आवेदकको नाम : .....

जिल्ला : .....स्थानीय तहको नाम:.....वडा..... गाँउ/टोलः .....

संस्थाको नाम..... सम्पर्क नम्बर.....

२) केरा बालीको विवरण

क्र.सं.	जात	लगाएको क्षेत्रफल	जग्गाको किसिम(आफ्नो/लिज)	लगाउने वा थप विस्तार क्षेत्रफल	लाभान्वित कृषक संख्या (समूह/सहकारी)	उत्पादन	कैफियत
१							
२							
३							

३) प्रस्तावित उत्पादन स्थलमा यन्त्र/उपकरण र पूर्वाधारको स्थिति

विद्युतः-

सिँचाइः-

सडक अवस्थाः-

अन्य पूर्वाधारः-

यन्त्र/उपकरणः-

४) जनशक्ति तथा कार्यअनुभव (तालिम लिएको भए सो समेत खुलाउने):-

५) लाभाग्राहीले माग गर्ने क्रियाकलापहरु :

क्र.सं.	क्रियाकलापहरु	क्षमता	अनुमानित लागत	साझेदारी रकम
१				
२				
३				
४				
५				
६				
७				

डा. संजय कुमार यादव
प्रदेश सचिव

६) अनुदानग्राहीले व्यहोर्ने लागत प्रतिशत : .....

७) अन्य निकायबाट वित्तीय सहयोग प्राप्त गरेको वा प्राप्त गर्न आवेदन दिएको भए खुलाउने:

८) आपेक्षित उपलब्धि:-

९) अन्य कुनै कुरा भए खुलाउने :

आवेदकको हस्ताक्षर
नाम, थर:
संस्थाको नाम:
ठेगाना:
संस्थाको छाप:
मिति:

मधेश प्रदेश सरकार
भौतिक व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

डा. संजय कुमार यादव
प्रदेश सचिव

अनुसूची – ४

बुँदा ७(४) सँग सम्बन्धित

मधेश प्रदेश सरकार
भौतिक व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

प्रस्ताव छनौटका लागि मूल्याङ्कनका आधारहरु

(क) प्रस्ताव छनौटका लागि मूल्याङ्कनका आधारहरु (कृषक/कृषि सहकारी/कृषक समूह/फार्मको हकमा)

क्र.सं.	सूचकाङ्कको आधार	पूर्णाङ्क
१.	केरा खेती हुने क्षेत्रफल (१० कट्ठा-२ विघा सम्म- ७ अङ्क, २ भन्दा माथि ५ विघा सम्म -१४ अङ्क र सो भन्दा माथि - २० अङ्क)	२०
२.	प्रस्तावित कार्यक्रमको प्राविधिक उपयुक्तता	१५
३.	कार्यक्रम सञ्चालन स्थलको पूर्वाधारको/यन्त्र उपकरणको स्थिति	१०
४.	जनशक्ति तथा कार्यअनुभवको अवस्था	५

(ख) प्रस्ताव छनौटका लागि मूल्याङ्कनका आधारहरु (कृषि कम्पनी/कृषि उद्योग/स्थानीय तहको हकमा)

क्र.सं.	सूचकाङ्क आधार	पूर्णाङ्क
१.	उपलब्ध स्रोत साधन	२०
२.	प्रस्तावित कार्यक्रमको प्राविधिक उपयुक्तता	१०
३.	लगानि सहभागिता	१०
४.	जनशक्ति तथा कार्यअनुभवको अवस्था	५
५	वातावरणिय प्रभावकारिता तथा दिगोपन	५

डा. संजय कुमार यादव
प्रदेश सचिव

अनुसूची – ५

बुँदा ७(७) सँग सम्बन्धित

<u>प्रतिबद्धता पत्र</u>

.....को मिति ..... को सूचना अनुसार मूल्य श्रृङ्खलामा आधारित केरा खेती प्रवर्द्धन कार्यक्रमको सहभागिताको लागि इच्छुक भई सोको कार्ययोजना सहितको आवेदन पेश गरेको/का छु/छौं। यस आ.व. भन्दा अगाडि यस कार्यक्रमको प्रकृतिसँग मिल्दोजुल्दो कार्यहरुको लागि अन्य कुनै पनि निकायबाट कुनै किसिमको अनुदान प्राप्त गरेको छैन र यस कार्यक्रमबाट प्राप्त गर्ने अनुदान कार्यक्रमको उद्देश्य अनुसारको कार्यको लागि मात्र प्रयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं। यस प्रतिबद्धता पत्रमा उल्लेखित व्यहोरा हरतरहले ठीक साँचो हो। झुटो ठहर भएमा प्रचलित कानुन बमोजिम सहुँला/बुझाउँला।

<u>अनुदानग्राहीको तर्फबाट</u>

नाम:

पद:

संस्थाको नाम:

ठेगाना:

सम्पर्क नं. :

दायाँ	बायाँ

डा. संजय कुमार यादव
प्रदेश सचिव

अनुसूची - ६

बुँदा ७(७) सँग सम्बन्धित

सम्झौता-पत्र

श्री कृषि ज्ञान केन्द्र,..... (यस पछि प्रथम पक्ष भनिने) र ..... जिल्ला..... पालिका वडा नं ..... को श्री ..... (यस पछि दोश्रो पक्ष भनिने) बीच सहकार्यमा आ.व. २०८..../..... को स्वीकृत मूल्य श्रृङ्खलामा आधारित केरा खेती प्रवर्द्धन कार्यक्रम मधेश प्रदेशको .....जिल्ला..... पालिकाको वडा नं.....मा सञ्चालन गर्न तपसिल बमोजिमका शर्तका अधिनमा रही यो सम्झौता-पत्रमा हस्ताक्षर गरी लियौं/दियौं।

तपसिल :

१. यो सम्झौता, सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ।
२. दोस्रो पक्षले यो कार्यक्रम सञ्चालनका लागि स्वीकृत प्रस्ताव तथा लागत ईष्टिमेट अनुसार कार्य गर्नु पर्दछ। सम्झौता बोजिमको कार्यक्रम मिति.....साल.....महिना.....गते सम्म सम्पन्न गरी आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष भुक्तानीको लागि पेश गर्नु पर्दछ।
३. दोस्रो पक्षले स्वीकृत लागत इष्टिमेट अनुसार ..... कार्य गरेको हुनु पर्ने छ। यसरी कार्यक्रमको कुल लागतको बढीमा ..... प्रतिशतले हुन आउने रु. ..... अक्षेरुपी ..... रकम अनुदान स्वरुप पहिलो पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउने छ।
४. सम्झौता भएको मितिले ..... दिन भित्र लागत ईष्टिमेट अनुसार कार्य शुरु गरिसक्नु पर्दछ।
५. दोस्रो पक्षले मूल्य श्रृङ्खलामा आधारित केरा खेती प्रवर्द्धन कार्यक्रमको उत्पादन तथा बजारीकरणको लागि आवश्यक सम्पूर्ण पूर्वाधारहरु यसै वर्ष सम्पन्न गर्नुपर्ने छ र प्रथम पक्षले यसमा आवश्यक सहजीकरण गर्नु पर्दछ।
६. दोश्रो पक्षले कार्यक्रम सञ्चालन भएको स्थानमा अनुदान रकम र लागत साझेदारी सहितको विस्तृत विवरण झल्किने गरी सबैले देख्ने स्थानमा होडिङ बोर्ड राख्नु पर्दछ।
७. आयोजना सम्पन्न भई हस्तान्तरण भईसकेपछि सोको सम्बन्धित सम्पुर्ण जिम्मेवारी दोश्रो पक्षको हुनेछ।
८. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय नै अन्तिम मानिनेछ।
९. दोश्रो पक्षद्वारा बदनियतपूर्ण तरिकाले जानीजानी वा अन्जानमा भए पनि नियमानुसार प्राप्त गरेको सरकारी अनुदान दुरुपयोग भएको ठहर भएमा प्रचलित कानुन बमोजिम दण्ड/सजाय भोग्नु पर्दछ।
१०. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम लागू हुनेछ।

प्रथम पक्षको तर्फबाट	दोश्रो पक्षको तर्फबाट
नाम, थरः	नाम, थरः
पदः	पदः
कार्यालयको नाम र छापः	संस्थाको नाम र छापः
मितिः	मितिः
साक्षीहरु	साक्षीहरु

(नोटः- यो सम्झौतामा कार्यक्रम सञ्चालन गर्ने निकायले आवश्यकता अनुसार थप गर्न सक्नेछ।)